बैठक संख्या: ०२
समय: विहान११:०० बजे
मिति: २०८२/०५/०१ गते
ने सः ११४५ गुंलागा ९आईतवार
आ.व.२०८२/०८३

आज मिति २०८२ साल भाद्र महिनाको ०१ गते आईतबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिकाका सदस्यज्यू हरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति:**

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री ,हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका वि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | भुपेन्द्र भण्डारी | वरिष्ठ लेखा अधिकृत | |
| २ | राजिमान बुढा | प्रशासन शाखा प्रमुख | |
| ३ | तुल बहादुर भण्डारी | कार्यालय सहयोगी | |



CS CamScanner

**प्रस्तावहरु।**

१. अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।
२. प्रथम त्रैमासिकमा सम्पन्न गर्ने योजनाहरुको सम्बन्धमा ।
३. जग्गा दर्ता सम्बन्धमा ।
४. मालपोत स्रेस्ता अध्यावधिक शिवर संचालन सम्बन्धमा।
५. मालपोत कर सम्बन्धमा ।
६. मालपोत कार्यलय सिफारिस सम्बन्धमा ।
७. अध्यन विदाको पूर्व स्वीकृति सम्बन्धमा ।
८. राहत वितरण सम्बन्धमा ।

**निर्णय नं १** प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको यस आ वको पहिलो बैठक लगायत अघिल्ला बैठकले गरेका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यलयबाट हालसम्म भएका काम कारवाहीको समिक्षा गरियो । अधिकांश निर्णयबमोजिमका काम कारवाही भएको र केही निर्णय बमोजिम बाँकी रहेका काम कारबाही यथाशिघ्र सम्पन्न गर्न गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय र सम्वन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २** प्रस्ताव नं २ माथी छलफल गर्दा गर्दा बराहताल गाउँपालिकाको आ व २०८२।०८३ मा प्रथम त्रैमासिक अवधिमा सम्पन्न गर्ने योजनाहरुको उपभोक्ता समिति गठन गरी भाद्र मसान्त भित्र सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३** प्रस्ताव नं ३ माथी छलफल गर्दा भूमि समस्या संमाधान आयोग अन्तरगत यस बराहताल गाउँपालिका वडा नं. २, ५ र ४ का अनुसुचि– २ अनुसारका तपसिल बमोजिमका जग्गा धनिहरुको जग्गाको नापजाँच प्रक्रीया पुरागरी ७ दिने दाबीविरोधको सुचना प्रकाशन भै सम्बन्धित वडाहरुमा टाँस भएको र सुचनामा उल्लेखीत कुनै ब्यक्तिहरु उपर दावीबिरोध नपरेको, वडा स्तरिय सहजीकरण समिति र पालिका स्तरिय भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासी ब्यवस्थापन सहजीकरण समिति बाट समेत सिफरिस भै आएको सिफारिस बमोजिम हाल बराहताल– ५ साविक (कुनाथरी २क, २ख, २ग, २घ, ३ङ, ४त र ४थ) हाल बराहताल– २ साविक (हरिहरपूर ३थ, ३द, ६द, ६फ र ६प) हाल बराहताल– ४साविक (तरङ्गा ५क) अन्तरगतका सिफरिस भै आएका ब्यक्तिहरु वास्तविक र नियम बमोजिम जग्गा पाउनु पर्ने ब्यक्तिहरु भएकोले नियमानुसारको राजश्व रकमलीई निजहरुको नाममा जग्गा दर्ता गरिदिनहुन भूमि समस्या समाधान आयोग जिल्ला समिति सुर्खेतलाई अनुरोधका साथ सिफरिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं ४ माथी छलफल गर्दा बराहताल गाउँपालिकाको पालिका स्तरिय भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यबस्थित बसोबासी ब्यवस्थापन सहजीकरण समितिको निर्णय र सिफारिस अनुसार यस गाउँपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको प्रमाणीकरण तथा जग्गा नापजाँच प्रकृया तथा अनुसुचि– २ अन्तरगतका नापजाँच प्रकृया पुरागरी फिल्ड मुचुल्का समेत तयार भएका बराहताल ५ र ४ जग्गाहरुको ७ दिने दावीविराधको सुचना प्रकाशन प्रकाशन र अन्य वडाहरुमा रहेका अनुसुचि– २ बमोजिमका



CamScanner

जग्गाहरुको नापजाँच प्रकृयालाई समेत अगाडी बढाई दिनका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति सुर्खेतलाई अनुरोधका साथ सिफरिस गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५ :</u> प्रस्ताव नं ५ माथी छलफल गर्दा भूमि समस्या समाधान आयोग सुर्खेत मार्फत यस बराहताल गाउँपालिकामा दर्ता गरिएका जग्गाहरुको जग्गादर्ता प्रमाण पुर्जा, सो संग सम्बन्धित अन्य स्रेस्ता र जग्गा धनिहरुको व्यक्तिगत विवरणहरु समेत अनिवार्य रुपमा मालपोत कार्यालयमा अध्यावधिक गर्नुपर्ने भएकोले सो को लागि आबश्यक पर्ने लागत खर्च बराहताल गाउँपालिकाले ब्यहोर्ने गरि सम्बन्धित वडा÷स्थानमा गई जग्गा स्रेस्ता अध्यावधिक शिविर सञ्चालन गरि सेवा उपलब्ध गराई दिनहुन कालागि मालपोत कार्यालय सुर्खेतलाई अनुरोधका साथ सिफरिस गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६ :</u> प्रस्ताव नं ६ माथी छलफल गर्दा नापजाँच कार्य सम्पन्न भएका जग्गाहरुको मालपोत कर रकम मिति २०७९ पौष २२ गतेको बराहताल गाउँपालिका गाउँकार्यपालिकाको बैठकको निर्णय नं. १२ बमोजिमनै लिने निर्णय गरियो ।

<u>निर्णय नं ७ :</u> प्रस्ताव नं ७ माथि छलफल गर्दा यस बराहताल गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत अ.न.मी. निरिक्षक (छैटौं) श्री विष्णु गुरुङ्गले (क.सं. १८१६९४) ले अध्यन विदाको लागि पूर्व स्वीकृत माग गरेकोले निजलाई अध्यन विदाको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ८ :</u> प्रस्ताव नं ८ माथि छलफल गर्दा यस बराहताल गाउँपालिका वडा नं ७ निवासी शेर बहादुर लामिछाने २०८२।०४।२३ गते आएको बाढीले बगाइ मृत्यू भएकाले निजलाई बराहताल गाउँपालिका विपद व्यवस्थापन समितिको निर्णय तथा बराहताल गाउँपालिकाको विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८२ बमोजिम रु ५० हजार राहत उपलब्ध गराउने निर्णय गरियो ।

---



CamScanner